**आकाशवाणी गान्तोक**

**Regional News Bulletin**

**Augut 29, 2026**

**CM greet NS Day: Desk**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज राष्ट्रिय खेलकुद दिवसको अवसरमा प्रख्यात हक्की खेलाडी मेजर ध्यान चन्दको जन्मजयन्तीको सम्झना गर्दै, खेलाडी, प्रशिक्षक, खेल उत्साही र सिक्किमका जनतालाई शुभकामना व्यक्त गर्नुभएको छ।

**CM-SPSC: Desk**

त्यसै गरी, मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किम लोक सेवा आयोगका सदस्य मिलन कुमार सुब्बालाई सिक्किम लोक सेवा आयोगका अध्यक्ष नियुक्त हुनुभएकामा हार्दिक बधाई दिनुभएको छ। श्री तामाङले श्री सुब्बाको सक्षम नेतृत्वमा आयोगले सार्वजनिक सेवामा योग्यता, पारदर्शिता, निष्पक्षता र निष्ठाको उच्चतम मापदण्डलाई निरन्तर कायम राख्ने विश्वास व्यक्त गर्नुभयो।

**SCC-Nitin Gadkari: Desk**

सिक्किम चेम्बर अफ कमर्सले केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीलाई राष्ट्रिय राजमार्ग-१० को पुनर्स्थापना र दीर्घकालीन स्तरोन्नतिका लागि तत्काल कदम चाल्न आग्रह गरेको छ। च्याम्बरले सिक्किमसँग जोडिएको प्रमुख सडकलाई "आर्थिक, सामाजिक र रणनीतिक जीवन रेखा" भनेर वर्णन गरेको छ। श्री गडकरीलाई बुझाइएको ज्ञापनपत्रमा, चेम्बरले रम्फू र सिङतामबीचको २० माइल, बर्दाङ खण्डमा यातायात तत्काल पुनर्स्थापनाको माग गरेको छ। चेम्बरले करिडोरका लागि दीर्घकालीन लचिलोपन योजना तयार गर्न सडक यातायात तथा राजमार्ग मन्त्रालय, NHIDCL, BRO, भारतीय भूगर्भ सर्वेक्षण र सिक्किम सरकारका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय प्राविधिक कार्यदलको गठन गर्न प्रस्ताव राखेको छ।

**CM-Kunzang Chokey: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङले सुश्री कुन्जाङ छोकीलाई संयुक्त राज्य अमेरिकाको समृद्ध यात्रामा निस्केकीमा शुभकामना व्यक्त गर्नुभएको छ, जहाँ उनले हार्वर्ड विश्वविद्यालय, एम.आई.टी र अन्य प्रतिष्ठित संस्थानहरूमा कार्यशाला र शैक्षिक कार्यक्रमहरूमा भाग लिनेछिन्। उनले विश्वव्यापी मञ्चमा सिक्किमको प्रतिनिधित्व गर्दै, राज्यको नवीन चार्टर स्कूल पहलहरू प्रदर्शन गर्नेछिन्, साथै विश्व-स्तरीय शैक्षिक अभ्यासहरूमा बहुमूल्य अन्तर्दृष्टि प्राप्त गर्दै, हाम्रा दृष्टिकोण र अनुभवहरू साझा गर्नेछिन्।

**Gyalsing-NS Day: IPR**

गेजिङ जिल्लाको खेलकुद तथा युवा मामिला विभागले प्रख्यात हक्की आइकन मेजर ध्यान चन्दको जन्मजयन्तीको सम्झनामा गेजिङ क्योङ्सा स्टेडियममा जिल्लास्तरीय राष्ट्रिय खेलकुद दिवस २०२६ सफलतापूर्वक मनाएको छ। शारीरिक तन्दुरुस्ती, खेलकुदको भावना र स्वस्थ प्रतिस्पर्धालाई प्रवर्धन गर्न यो खेलकुद कार्यक्रम र प्रदर्शनहरूको श्रृङ्खला आयोजना गरिएको थियो। शारीरिक तन्दुरुस्ती, खेलकुदको भावना र स्वस्थ प्रतिस्पर्धालाई प्रवर्धन गर्न खेलकुद कार्यक्रम र प्रदर्शनहरूको श्रृङ्खला आयोजना गरिएको थियो।

**Pakyong-sports: IPR**

महान भारतीय खेलाडी मेजर ध्यान चन्दको जन्मजयन्तीको सम्झनामा र स्वस्थ जीवनशैलीलाई प्रवर्धन गर्न आज पाकिम जिल्ला खेलकुद तथा युवा मामिला विभागले "खेलेगा भारत, जितेगा भारत" विषयमा सेन्ट जेभियर्स स्कूल मैदानमा जिल्लास्तरीय राष्ट्रिय खेलकुद दिवस २०२६ मनायो।

**Tourism Dept-Digital: DR Dulal**

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले १ सेप्टेम्बर २०२६ देखि पर्यटनसम्बन्धी सेवाहरूलाई सरल र डिजिटलाइज गर्न ठूला परिवर्तनहरूको घोषणा गरेको छ। होटल, रिसोर्ट, होमस्टे, बेड एण्ड ब्रेकफास्ट, सर्भिस अपार्टमेन्ट, होलिडे घर र रेस्टुरेन्टहरूको दर्ताका लागि आवेदनहरू **सिङ्गल साइन-अन** पोर्टल मार्फत अनलाइन स्वीकार र प्रशेस गरिनेछ। बैंक रसिद प्रणाली पनि बन्द गरिनेछ, अनलाइन भुक्तानी सुरु गरिनेछ। ट्राभल एजेन्ट, साहसिक भ्रमण अपरेटर, फोटोग्राफर, गाइड र कुकलगायत अनलाइन उपलब्ध नभएका सेवाहरूका लागि अफलाइन आवेदन जारी रहनेछ। यद्यपि, भुक्तानी QR कोडहरू मार्फत गरिनेछ, डिजिटल रसिदहरूले भुक्तानीको प्रमाणका रूपमा काम गर्नेछन्।

**Khecheberi-Rain: Madhu Sharma**

गेजिङ जिल्लाको खेचुबेरी क्षेत्रमा गएराति परेको भारी वर्षाका कारण माथिल्लो भागबाट आएको ठूलो भलले पर्यटन विभागको एउटा भवनलाई क्षति पुऱ्याएको छ। त्यस भवनमा हाल होमस्टे सञ्चालन भइरहेको थियो। ठूलो मात्रामा आएको भलले भवनको संरचनामा गम्भीर क्षति पुऱ्याएको जानकारी प्राप्त भएको छ।

**RB Chettri UGC-NET-SLET: Desk**

पश्चिम सिक्किमको योक्सम निवासी रेणुका बस्नेत छेत्रीले UGC-NET परीक्षा राम्रो प्रतिशतका साथ सफलतापूर्वक उत्तीर्ण गर्नाका साथै हालै उत्तर पूर्व राज्य स्तरीय योग्यता परीक्षा पास गरेकी छिन्। सुश्री छेत्रीले तादोङस्थित नरबहादुर भण्डारी सरकारी कलेजबाट स्नातकोत्तर अनि सिक्किम केन्द्रीय विश्वविद्यालयबाट स्नातकोत्तर र एम.फिल डिग्री पूरा गरेकी छिन्। उनी हाल सिक्किम केन्द्रीय विश्वविद्यालयमा विद्यावारिधि गरिरहेकी छिन्।